Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# चितवन जिल्लाका थारु जातिको सामाजिक-सांस्कृतिक अध्ययन

**डा. तिलु थापा (श्रेष्ठ)**

उप-प्राध्यापक

इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

Email: tilushrestha872@gmail.com

Doi: https://doi.org/10.3126/hisan.v10i1.74906

**सार**

*नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । यहाँ १४२ जातजातिहरुको बसोबास रहेको तथ्याङ्कले देखाउँदछ । यी मध्ये थारु जाति पनि एक हुन् । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराई र भित्री मधेशमा थारु जातिको बसोबास रहेको छ । वि.सं.२०५९ सालमा नेपाल सरकारले ५९ वटा जातजातिहरुलाई आदिवासी तथा जनजातिमा सूचिकृत गरी थारु जातिलाई सिमान्तकृत समूहअन्तर्गत राखेको छ । यस जातिको भाषा एउटै (थारु भाषा) भए पनि उनीहरुको संस्कार र संस्कृतिमा ठाउँ अनुसार भिन्नता रहेको पाइन्छ । आफूलाई तराईको भूमिपुत्र आदिवासी मान्ने थारु जातिको संस्कार र संस्कृतिमा वर्तमान समयमा धेरै परिवर्तनहरु आएका छन् । यो परिवर्तन अन्य जातिसँगको सामिप्यताको प्रभावस्वरुप भएको मान्न सकिन्छ । प्रस्तुत लेखमा चितवन जिल्लाका थारु जातिको सामाजिक सांस्कृतिक पक्षको अध्ययन गरिएको छ । यस अनुसन्धानात्मक लेखमा प्राथमिक र द्वितीय दुवै स्रोतहरुको प्रयोग गरिएको छ । अन्तर्वार्ता, स्थलगत अवलोकनबाट प्राथमिक स्रोत सामग्री र पूर्वकृतिहरुको अध्यनयबाट द्वितीय स्रोत सामग्री सङ्कलन गरिएको छ । यसको प्रस्तुतीकरण व्याख्यात्मक र विश्लेषणात्मक ढाँचामा गरिएको छ । यसको प्रस्तुति ए.पि.ए. सातौं संस्करणमा आधारित रहेर गरिएको छ । चिवतनका थारु जातिको सामाजिक-सांस्कृतिक पक्षको जानकारी गराउनु प्रस्तुत लेखको उद्देश्य रहेको छ ।*

***शब्दकुञ्जी :*** भूमिपुत्र, चितौनिया, आदिवासी, सिमान्तकृत, गुरौ ।

## परिचय

संघीय गणतान्त्रिक नेपालको बागमती प्रदेशअन्तर्गत चितवन जिल्ला पर्दछ । चितवन जिल्ला ऐतिहासिक, धार्मिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, पर्यटकीय आदि दृष्टिकोणबाट महत्वपूर्ण रहेको छ । नेपालका ७७ वटा जिल्लाका मानिसहरु बसाईसराई गरी यस जिल्लामा आएर बसोबास गरेको भन्ने मान्यता रहँदै आएको छ । यसो हुँदा चितवन विभिन्न जातजाती, धर्म, भाषा र संस्कृतिको विविधतामा एकता भएको जिल्लाको रुपमा चिन्ने गरिएको छ ।

नेपालमा वि.सं.२०७८ को राष्ट्रिय जनगणना अनुसार १४२ जात जातिको बसोबास रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग-२०७८) । परम्परागत रुपमा हेर्ने हो भने नेपालका हिमाली क्षेत्रमा शेर्पा, भोटिया, हायू, ल्होमी आदि पहाडी क्षेत्रमा ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, थकाली, तामाङ, राई, लिम्बु, सुनुवार, धामी, ठकुरी, नेवार, कामी, दमाई, सार्की आदि खोंच तथा उपत्यकामा नेवार, ब्राह्मण, क्षेत्री, तामाङ, दनुवार, चेपाङ, बोटे, दराई आदि र तराई क्षेत्रमा थारु, धिमाल, झागड, सतार, मुसहरी, तेली, मुस्लिम, राजदुत, राजवंशी आदि जातिका

बसोबास रहेको पाइन्छ (खत्री, दाहाल, २०६३) । तर पछिल्लो समयमा बढ्दो आधुनिकीकरण र शहरीकरणसँगै भौतिक सुख सुविधा र अवसरको खोजीमा यी जातिहरु आफ्नो पुर्ख्यौली थातथलो छाडी देशका विभिन्न ठाउँहरुमा पुगेर बसोबास गरिरहेको अवस्था छ ।

चितवन जिल्लामा वि.सं.२०१३ सालदेखि पहाडी क्षेत्रबाट बसाई सराई गर्ने क्रम तिव्र रुपमा बढेको हो । त्यस भन्दा अगाडि चितवन औलो ग्रस्त क्षेत्र थियो । औलोका कारण चितवनलाई Death of Valley पनि भन्ने गर्दथे । वि.सं.२००७ सालदेखि नै नेपालमा औलो विरुद्ध डि.डि.टी. पाउडर छर्न थालेको भए पनि यसको वास्तविक उन्मूलन कार्यक्रम वि.सं.२०१३ बाट सुरु भयो (कँडेल, २०६५) । औलो उन्मुलन हुँदै गए पछि वि.सं.२०१३ मा संयुक्त राज्य अमेरिकाको सहयोगमा राप्ती उपत्यकाको विकास योजना (Rapti Valley Development Project) लागू भयो । त्यसपछि सरकारले तराई केन्द्रित कार्यक्रमहरु ल्याउन थाल्यो (कँडेल, २०६५) । अनि पहाडबाट मानिसहरु कमिलाको लर्को जस्तै गरी चितवन झर्न थाले । वि.सं.२०७८ को राष्ट्रिय जनगणना अनुसार चितवन जिल्लामा ९५ भन्दा बढी जातिहरुको बसोबास रहेको पाईन्छ । ती जातिहरु ब्राह्मण पहाडी, क्षेत्री, थारु, तामाङ, गुरुङ, मगर, विश्वकर्मा, चेपाङ, नेवार, परियार, कुमाल, मिजार, मुसलमान, दराई, राई, घर्ती, भूजेल, ठकुरी, ब्राह्मण तराई, सन्यासी/दशनामी, बोटे, घले, यादव आदि रहेका छन् (राष्ट्रिय तथ्याङ्क विभाग, २०७८) ।

माथि उल्लेखित जातिहरुमध्ये चितवनमा थारु जातिको बसोबास बाक्लो रहेको छ । यहाँका थारुहरु आफूलाई कतैबाट बसाई सराई गरेर नआएको वा यहीकै रैथाने आदिवासी भएको मान्दछन् । आफूहरु यहाँको भूमिपुत्र हो भन्दछन् (चौधरी (ललित) सँगमिति २०७९।१०।२९ मा लिएको अन्तरवार्ता) ।

थारु जाति नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको समथल भूभाग, खोच, बेसी, भावर, दुनमा फैलिएर बसोबास गर्ने आदिवासी जनजाती हुन् । दाङ, देउखुरी, सुर्खेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, नेपालगंज, बारा, पर्सा, रौतहट, सुनसरी, चितवन, नवलपरासी, कपिलवस्तु, सप्तरी, सिरहा, उदयपुर, मोरङ, झापा, धनुषा, महोत्तरी, कञ्चनपुर आदि गरी करिब २५ जिल्लाहरुमा थारु जातिको बसोबास रहेको छ ( के.सी., २०७९) ।

अनुसन्धानको विषयलाई अगाडि बढाउनका लागि पूर्वकृतिहरुको अध्ययन गरी समीक्षा गर्नु आवश्यक पर्दछ । जसले गर्दा अनुसन्धान अन्तर (Research gap) थाहा पाउन मद्दत गर्दछ । त्यसो हुनाले प्रस्तुत अनुसन्धानात्मक लेखको शीर्षक चितवन जिल्लाका थारु जातिको सामाजिक, सांस्कृतिक अध्ययन भएकोले यहाँ विषयसँग सम्बन्धित केही कृतिहरुको समीक्षा गरेर अनुसन्धान अन्तर खोज्ने प्रयत्न गरिएको छ ।

*सबै जातको फूलबारी* (विष्ट, २०७१)मा नेपालमा थारु जातिको उत्पत्ति, भाषा, धर्म, संस्कार र संस्कृति सम्बन्धित संक्षिप्त रुपमा चर्चा गरिएको छ । पश्चिम पहाडमा आर्यहरु आएर बसोबास गर्नुभन्दा धेरै अगाडिदेखि पश्चिम तराईमा थारु जातिको बसोबास रहेको तर्क लेखकको छ । त्यसैगरी थारुहरुको आकृति मंगोलियन भएको हुँदा यिनीहरु मंगोलियन हुन भन्ने लेखकको भनाई छ । समष्टिगत रुपमा नेपालमा बसोबास गर्ने सम्पूर्ण थारु जाति सम्बन्धी लेखिएको उक्त पुस्तकमा ठाउँ अनुसार थारु जातिको छुट्टाछुट्टै चर्चा गरिएको छैन । त्यसैले प्रस्तुत लेखमा चितवनका थारु जातिको सामाजिक-सांस्कृतिक पक्षको अध्ययन गरिएको छ ।

त्यसैगरी *कैलालीका आदिवासी थारुहरु, परम्परा र आधुनिकताको दोसाँधमा* (रिजाल, २०७०) नामक पुस्तकमा नेपालका थारु जातिको उत्पत्ति, परिचय र कैलालीका थारु जातिको भाषा, धर्म संस्कार, संस्कृति र चाडवाडको संक्षिप्त चर्चा गरिएको छ । स्थलगत अध्ययन र अनुसन्धानमा आधारित रहेर लेखिएको उक्त पुस्तकमा चितवनका थारु जातिको बारेमा कुनै चर्चा नभए पनि त्यहाँका थारु जातिको सामाजिक, सांस्कृतिक पक्षको अध्ययन अनुसन्धान गर्न प्रस्तुत पुस्तक महत्वपूर्ण स्रोत बनेको छ ।

त्यस्तैगरी *मिश्रित जातजाती हामी नेपाली: नेपाली समाजको बनोट आरम्भदेखि मध्यकालसम्म* (नेपाल, २०७९) पुस्तकमा थारुहरु एउटा जाति मात्र नभएर बहुजातीय समिश्रण हो र उनीहरु तराईका आदिवासी हुन् भन्ने उल्लेख छ । नेपालको तराई भू-भागमा आदिमकालदेखि थारुहरुको बसोबास रहेको र उनीहरु बौद्ध संस्कारमा हुर्केको हो, हिन्दुकरण त पछि भएको हो भन्ने तर्क पुस्तकमा प्रस्तुत गरिएकोछ । पुस्तकमा चितवनका थारु जाति सम्बन्धित छुट्टै जानकारी नभए पनि नेपालमा बसोबास गर्दै आएका थारुहरुको यथेष्ट जानकारी छ । त्यसैले प्रस्तुत लेखका लागि द्वितीय स्रोतको रुपमा यस पुस्तकलाई लिइएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख चितवन जिल्लाका थारु जातिको सामाजिक तथा सांस्कृतिक अध्ययनसँग सम्बन्धित भएकोले लेखलाई वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा आधारित रहेर तयार पारिएको छ । त्यसैले यो गुणात्मक अध्ययन (Qualitative Research) हो । यसको Research Approach Inductive रहेको छ । यस लेखमा प्राथमिक र द्वितीय दुईवटै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतमा गहिरो अन्तर्वार्ता (Indepth Interview) र स्थलगत अवलोकन (Field Visit) रहेको छ भने द्वितीय स्रोतमा पुस्तक, जर्नल, लेख, स्मारिका, पत्रपत्रिका आदि रहेको छ । लेखको प्रस्तुतीकरणमा वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ । यो लेख अमेरिकन साइकोलोजिकल एसोसिएसनको सातौं संस्करणमा आधारित रहेर तयार गरिएको छ ।

## जातिको उत्पत्ति तथा नामाकरण

थारु जातिको उत्पत्ति तथा नामाकरण सम्बन्धी विद्वान्हरुको फरक फरक भनाई पाईन्छ । कसैले संस्कृतको 'स्थाणु' शब्दबाट थारु जातिको नामाकरण भएको हो भन्दछन् । स्थाणुको अर्थ रोकिनु अडिरहनु, बलियो र निडर भन्ने हुन्छ (पोखरेल, २०७९) । कसैले बुद्ध धर्मको एउटा शाखा स्थेरवाद (थेरवाद) शब्दबाट थारु नाम रहन गएको हो भन्दछन् । स्थेरवादमा आस्था राख्ने मानिसहरुलाई स्थरविरवादी वा स्थरी भन्दछन् । यिनै शब्द अपभ्रंश भएर थविर, थवर, थावर, थार हुँदै थारु भएको हो (शर्मा, २०११) । यिनै कुराहरुलाई आधार मानेर थारु जातिले आफूहरु भगवान बुद्धको वंशज भएको बताउँदै आएका छन् । त्यसैगरी कसैले दक्षिण भारतको सिंघ र राजस्थान बीचको थार मरुभूमिबाट आएका हुनाले थारु भन्न थालिएको मान्दछन् । तर यस कुरामा कुनै सत्यता भेटिँदैन किन भने थार मरुभूमिबाट आउँदा बाटोमा पर्ने गंगा जमुना नदीको मलिलो फाँटमा नै बसेर खेतीपाती गरेर बस्दथे होलान् । यति टाढा नेपालसम्म आएर छरिएर बस्दैन थिए होलान । बाबुराम आचार्य पनि थारु जाति थार मरुभुमिबाट आएको हो भन्ने कुरामा सहमत छैनन् । उनको भनाइ अनुसार मरुभूमिमा आवादी सम्भव थिएन । यदि सम्भव भयो भने पनि राजस्थान भाषामा मरुभूमिलाई 'ढाट' भनिन्थ्यो भने सिन्ध भाषामा 'घर' भनिन्थ्यो । नेपालमा आएर उनीहरुलाई 'ढाँट' नभनी कसरी थारु भनियो (आचार्य, २०१०) ? त्यसै गरी धेरैको जनजिब्रोमा झुण्डिएको अर्को तर्क छ थारुहरु राजस्थानको राजपुतका सन्तान हुन

भन्ने । तेह्रौं शताब्दीतिर राजस्थानको चितौडमा मुसलमानहरुले आक्रमण गरे । आक्रमणबाट जोगाउन त्यहाँका राजपुतहरुले घरका आइमाईहरुलाई आफ्ना नोकरचाकरको साथ लगाई उत्तर पहाडको जंगलतिर पठाए । लामो समयसम्म पनि आफ्ना श्रीमानहरु नआएपछि ती आईमाइहरुले तिनै नोकर चाकरलाई श्रीमान्को रुपमा बरण गरे । यिनीहरुको सन्तान नै थारु हुन् (बराल, २००४) । यस कुरामा पनि सहमत हुन सकिँदैन । किनभने थारु जाति तराईको घना जंगल फडानी गरेर विषालु सर्प, हिंस्रक बन्य जन्तु, तथा अनेकौं प्राकृतिक विपत्तिका साथै हैजा, औलो (मलेरिया), विफर जस्ता रोगको सामना गर्दै बसोबास गर्दै आएको कहिले देखि हो एकिनका साथ भन्ने आधार छैन । यद्यपी रक्त परीक्षणबाट प्रमाणित भइसकेको छ कि थारु औलो रोग निरोधक जाति हो । उक्त गुण हुनका लागि कुनै पनि जाति वा समुदाय औलो प्रभावित क्षेत्रमा कम्तिमा पनि ३ हजार वर्ष बसोबास गरेको हुनुपर्दछ (चौधरी,थारु, २०७९) । यस तथ्यको आधारमा थारुहरु नेपालको तराई भूभागमा बसोबास गर्दै आएको ३ हजार वर्षभन्दा बढी भईसकेको देखिन्छ । तर राजस्थानमा मुस्लिम आक्रमण भएको केवल एक हजार वर्ष जति हुन आउँछ । त्यसैले यस घटनालाई थारु जातिको उत्पत्ति र नामाकरणसँग जोड्न मिल्दैन ।

थारु शब्दको नामाकरणको सन्दर्भमा अर्को भनाई के पाइन्छ भने नेपालको भौगोलिक बनावट हिमाल, पहाड, तराई गरी ३ भागमा विभाजित छ । तराई वा तल्लो भागलाई 'थार' भूमि पनि भनिन्छ । थार भूमिमा बसोबास गर्ने जातिलाई पहिला 'थार' जाति भनिन्थ्यो, पछि त्यही थार शब्द अपभ्रंश भएर थारु भनिएको हो । नेपालको जहाँ समथर भूभाग छ । त्यहाँ थारु जातिको बसोबास छ । त्यसैले थारु जाति, यही भुभागको प्राचीन बासिन्दा हुन (महतो, (भजुमनराम) सँग मिति २०७९।१०।२९ मा लिएको अन्तरवार्ता) । हालसम्म पनि तराई बाहेक हिमाल र पहाडमा थारु जातिको बसोबास नहुनु, रक्त परिक्षणबाट यस जातिलाई औलो रोग निरोधक भनि पुष्टि हुनु आदि तथ्याङ्कले थार (तराई) भूमिमा बसोबास गर्ने जातिलाई थारु भनिएको बुझिन्छ । थारु जातिको जंगल, जमिन र जलसँग गहिरो सम्बन्ध रहेको हुँदा यो जाति तराईको आदिवासी हुन भन्ने कुरामा कुनै शंका छैन । हाल तराईमा बसोबास गर्ने अन्य जातिहरु त औलो उन्मुलन भए पछि हिमाल र पहाडबाट झरेका र भारतबाट आएर बसेका (मधेशी) हरु हुन् ।

## जातीय पहिचान

थारु जातिको आफ्नै भाषा, धर्म, संस्कार, संस्कृति, सभ्यता, भेषभुषा कला र साहित्य छन् । यो जाति संस्कार र संस्कृतिमा धनि छन् । विभिन्न जिल्लामा बसोबास गर्ने थारु जाति नामको आधारमा एउटै भए पनि ठाउँ अनुसार उनीहरुको भाषा, संस्कार र संस्कृति फरक छ । यसरी फरक हुनुको कारण अन्य जातिसँगको सहकार्यको प्रभाव हो भन्ने थारु बुद्धिजीवीहरुको भनाई छ (थारु (सुबोध) सँग मिति २०८०।०३।०१ मा लिएको अन्तरवार्ता) ।

थारु जाति नेपालको आदिवासी जनजाती हुन् । आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को दफा २ (क) अनुसार थारु जाति आदिवासी जनजातिमा सुचिकृत छ । नेपालमा बसोबास गर्ने १४२ जातजाति (केन्द्रीय तथ्याङ्क विभाग-२०७८) मध्ये ५९ जातिलाई आदिवासी जनजातिमा सूचीकृत गरिएको छ । यस प्रतिष्ठाले सूचिकृत आदिवासी जनजातिलाई पाँच समूहमा विभाजन गरेको छ । लोपोन्मुख समूह, अतिसिमान्तकृत समूह, सिमान्तकृत समूह, सुविधा बन्चित समूह र उन्नत समूह (आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५९) । थारु जाति सिमान्तकृत समूह अन्तर्गत पर्दछ ।

यस जातिको जातीय पहिचान कमजोर बन्दै गएको वि.सं. १९१० मा जंग बहादुर राणाले बनाएको पहिलो मुलुकी ऐनबाट हो भन्ने थारु बुद्धिजीवीहरुको भनाई छ (चौधरी (महेश) २०८०।०३।३१ मा लिएको अन्तरवार्ता) । ऐनमा नेपालमा बसोबास गर्ने सबै जातिलाई हिन्दु जाति व्यवस्थाको आधारमा ताकाधारी, मतुवाली, पानी चल्ने छोइछिटो हाल्नु नपर्ने र पानी पनि नचल्ने र छोईछिटो पर्ने भनी विभाजन गरिएको थियो । यसमा मतुवाली समूहमा पर्ने जातिहरुलाई पनि मासिन्या र नमासिन्या गरी दुई समूहमा विभाजन गरिएको थियो । थारु जाति मासिन्या मतुवाली वर्गमा पर्दथ्यो (श्री ५ को सरकार तथा न्याय मन्त्रालय, २०२२) । मासिन्या मतुवाली भन्नाले उनीहरुलाई कानुनी रुपमा नै मार्न पनि हुने, मास्न पनि हुने, किनबेच गरेर कमारोबनाउन पनि पाउने भन्ने बुझिन्छ ।

थारु जाति लामो समय सम्म मलेरिया प्रभावित क्षेत्रमा बसोबास गर्दै आएको हुनाले उनीहरुको रगतमा अन्थालसिनिया जीन उत्पन्न भएको अनुसन्धानबाट देखिन्छ । यस जीनले उनीहरुमा मलेरियासँग लड्न सक्ने क्षमताको विकास गराई मृत्युदरलाई घटाएको छ तर अनेकौं रोग व्याधी र प्राकृतिक प्रकोपसँग लड्दै जाने क्रममा आज थारु जाति सिक्कल सेल सेनेमिया जस्तो वंशाणु रोगबाट ग्रसित हुनु परेको अवस्था छ (चौधरी, २०७९) ।

## जनसङ्ख्या

जनसङ्ख्याको हिसाबले नेपालमा थारु जाति चौथो ठूलो जातिमा पर्दछ । वि.सं.२०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २९१६४५७८ रहेको छ । त्यसमा थारु जातिको जनसङ्ख्या १८०७१२४ ( ६.२%) रहेको छ । त्यसमध्ये चितवन जिल्लामा ७२६५८ थारुहरु बसोबास गर्दछन् । जसमा पुरुष ३५२०६५ र महिला ३७४५२ रहेका छन् (केन्द्रीय तथ्याङ्क विभाग-२०७८) । २०६८ को जनजगणना अनुसार थारु जातिको जनसंख्या १७३७४७० (६.५५८%) रहेको थियो (नेपाल परिचय, २०७८) । जनसङ्ख्या वृद्धि रोजगा जस्ता कारणहरुले गर्दा बसाईसराई हुँदै नेपालको करिब २२ जिल्लामा यस जातिको बसोबास रहेको पाइन्छ ।

## चितवन जिल्लामा बसोबास गर्ने थारु जातिको थर

नेपालमा बसोबास गर्ने सबै जातजातिहरुको आफ्नै थर, उपथरहरु छन् । प्रायः सबै जातिका मानिसहरुले आफ्नो नामको पछाडि थर तथा उपथर लेख्ने गर्दछन् । थारु जातिको पनि धेरै थरहरु छन् जस्तैः कठरिया, खवास, दनुवार, कोलिया, खाँ, खरेर, खौसिया, विश्वास, गच्छेदार, कनफट्टा, दगौरा, दाङबदिया, चितौनिया, चौधरी, जोगी, परिहार, बर्दिया, बहन्थ, राजबाँतर (राजधामी), बोट, बोक्सा, भगत, मझौरा, महन्त, माझी दहित, तवदार, भटगनिया, कुछबिहारी, मोरङिया आदि (के.सी. २०७९) । थारुहरुको पुरेतलाई भर्रा, गरुवा भन्दछन् ।

चितवन जिल्लामा बसोबास गर्ने थारु जातिका थरहरु चौधरी, महतो, खौसिया, थरबोट, पावे, सानो बातर, ठुलो बातर गरी जम्मा सात थर छन् (महतो (विक्रम) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) ।

## चितवन जिल्लाका थारु जातिका सामाजिक संस्कार

थारु जातिको आफ्नै संस्कार, संस्कृति र परम्पराहरु छन् । नेपालको तराई र भित्रि मधेशका विभिन्न भागमा छरिएर बस्दै आएका यस जातिको ठाउँ अनुसार, लवाई, खवाई, भाषा, जीवनशैली र जन्मदेखि मृत्यु सम्मको संस्कारमा भिन्नता पाइन्छ ।

## जन्म संस्कार

चितवनको थारु जातिमा परापूर्वकालदेखि नै बच्चा जन्माउँदा सुडेनीको सहायता लिने परम्परा छ । सुडेनीलाई 'सोह्निन्या' भन्दछन् । यस जातिमा सुत्केरी पाँच दिनसम्म बार्ने चलन छ । सुत्केरी अवधिभर घरमा कुनै पनि धार्मिक कार्य गरिँदैन (रिजाल, २०७०) । छैटौं दिनमा बालकको छैटी गरिन्छ । त्यसपछि मात्र सुत्केरी चोखी भएको मानिन्छ । ब्राह्मण राखेर विधिपूर्वक न्वारण गर्ने परम्परा यस जातिमा छैन तर घरमा भएको तोरी, मसुरी, चामल लगायत अन्नमा बच्चालाई सुताएर नाम राख्ने प्रचलन छ । यसरी नाम राख्दा बच्चा जन्मेको समय, बार, महिना, महत्वपूर्ण घटना आदिलाई आधार मानिन्छ । जस्तै माघमा जन्मेकोलाई 'माघी', फाल्गुनमा जन्मेकोलाई 'फन्नी', बुधबार जन्मिएकोलाई 'बुधो', मसुरेको दालमा सुताएर नामाकरण गरिएकोलाई 'मसुरिया' नाम राख्ने चलन छ (रिमाल, २०७०) । पछिल्लो समयमा अन्य जातिसँगको सहकार्य र उनीहरुको संस्कारको प्रभावले गर्दा यहाँका केही थारुहरुले ब्राह्मण राखेर बालकको न्वारन गर्ने, अन्य जातिले जस्तै गरी छोराको पाँच वर्षको उमेरमा ब्रतबन्ध गर्ने, छोरीलाई गुन्यू चोलो दिने र सबै इष्टमित्रलाई बोलाएर भोज खुवाउने प्रचलन बढ्दै गएको पाईन्छ ।

## विवाह संस्कार

थारु समुदायमा विवाहलाई सामाजिक मान्यता प्राप्त परम्परागत संस्थाको रुपमा लिएको पाइन्छ । प्रायः आफ्नै जातिमा विवाह गर्ने परम्परा रहेको यस जातिमा विवाहको लागि मध्यस्थता गर्ने व्यक्तिलाई 'लोटाङ' (लमी) भनिन्छ भने केटाकेटी पहिलो पटक भेटघाट गर्नेलाई 'बहरचके' भनिन्छ (के.सी., २०७९) । अन्य ठाउँको थारु जातिमा जस्तै चितवनका थारुहरुमा पनि आफ्नै गोत्रमा विवाह हुँदैन । मामा, चेली, फुपू चेला र हाडनातामा पनि विवाह हुँदैन (महतो (भजुमनराम) सँग मिति २०७९।१०।२७ मा लिएको अन्तरवार्ता) ।

यहाँका थारु जातिमा मागी विवाह, भागी विवाह (प्रेम विवाह) र विधवा विवाह प्रचलनमा रहेको छ । अधिकांश मागी विवाह गर्ने यस जातिमा मागी विवाह गर्दा केटाकेटी दुवैको कुलघराना र खानदान हेरिन्छ । विवाहमा बेहुलीको घरमा जन्ती आएको दिन जन्ती लगायत आफन्त, छिमेकीहरुलाई मासु, भात, दहि, चिउरा, आदि भोज खुवाउने चलन छ भने बेहुलाको घरमा बेहुली भित्र्याएको दिन त्यसैगरी भोज खुवाइन्छ । विवाहको भोली पल्ट बेहुलीलाई रोटी कोसेली लिएर माइत पठाउने चलन छ (पोखरेल, २०७९) । मागी विवाहमा केटाले केटीको बुबा आमालाई केही जरिवानामा दस्तुर बुझाउनु पर्दछ । यो नतिरेसम्म केटीको माइतीमा केटा जान पाउँदैन (विष्ट, २०७१) ।

थारु जातिमा दाजुको मृत्युपछि देवरले भाउजुलाई विवाह गर्ने प्रचलन छ । विवाहको लागि विधवाको मन्जुरी भने आवश्यक हुन्छ । यदि घरमा देवर छैन भन्ने अन्य पुरुष खोजेर पनि विधवाको विवाह गर्ने गरिन्छ । यसरी खोजेर विवाह गरिदिएको केटोलाई विधवाका सासु ससुराले छोरा जस्तै बनाएर राख्ने चलन छ (महतो, २०७९) । यसरी विवाह गर्ने प्रथालाई 'भ्वाँर पैठना' भनिन्छ । विधवा विवाहको प्रचलनले थारु जातिमा नारी हक अधिकार र स्वतन्त्रतालाई सम्मान गरेको देखिन्छ । जुन प्रशंसनीय पक्ष हो ।

## मृत्यु संस्कार

पहिला पहिला थारु समुदायमा मानिसको मृत्युपछि शवलाई गाड्ने गरिन्थ्यो । गाड्दा खेरी लोग्ने मान्छेलाई घोप्टो र आइमाईलाई उत्तानो पारेर गाडिन्थ्यो (बिष्ट, २०७१) । यसरी गाड्दा शवको टाउको दक्षिणतर्फ

राखिन्थ्यो (रिजाल, २०७१) । हिजो आज यस जातिले शवलाई ठाउँ अनुसार जलाउने वा गाड्ने दुवै गरेको पाईन्छ । चितवनका थारुहरुले शवलाई नदि किनारमा लगेर दाहसंस्कार गर्दछन् । त्यसो त यहाँका थारुहरुले मृत्यु संस्कार हिन्दु संस्कार अनुरुप गरेको पाइन्छ । यो हिन्दु धर्म मान्ने समुदायसँगको सहकार्यको प्रभाव हो भन्ने प्रष्ट देखिन्छ ।

चितवनका थारुहरुको कुनै घरमा मर्दा पर्दा सम्पूर्ण समुदायमा खबर पु¥याउने र प्रत्येक घरबाट उठाएको २०० रुपैयाँ सम्बन्धित घरमा बुझाउनका लागि एक जना व्यक्तिलाई पियनको रुपमा राख्ने प्रचलन छ । निजलाई पारिश्रमिकको रुपमा प्रत्येक घरबाट ३ पाथी धान दिने नियम छ (महतो (अनिता) मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) । यस कार्यले यहाँका थारु जातिमा समाजवाद छ भन्ने देखाउँदछ ।

## पारिवारिक बनोट

परम्परादेखि नै थारुहरु संयुक्त परिवारमा रमाउने जाति हो । चितवन जिल्लाका थारुहरु पहिला पहिला ३, ४ पुस्तासम्म एउटै परिवारमा बस्दथे भने अहिले तीन पुस्तासम्म संगोलमा बस्ने गरेको पाइन्छ (महतो (भजुमनराम) सँग मिति २०७९।१०।२७ मा लिएको अन्तरवार्ता) । पछिल्लो पुस्तामा बढ्दो आधुनिकीकरणको प्रभाव, अन्य जातिको देखासिकी, पुरानो जातीगत परम्परालाई परिमार्जन गर्दै लैजानु पर्दछ भन्ने धारणा जस्ता कारणहरुले यस जातिको पारिवारिक बनोट साँघुरो बन्दै गइरहेको देखिन्छ ।

## खानपान

परम्परादेखि नै थारु जातिको पेशा कृषि हो । उनीहरु आफूलाई आवश्यक पर्ने खाद्यान्न आफै उत्पादन गर्दछन् । यस जातिको मुख्य खाना दाल, भात, तरकारी, अचार भएता पनि पिठा (ढिकी, फुलौरी, खँरिया), मक्का, घुँगी, गंगटा (काकट), सिटवा (सिपी), माछा, मासु (खसी, बोका, हाँस, कुखुरा, भेडा, परेवा, सुँगुर) आदि हुन् । यसका साथै दहि, चिउरा, खीर उनीहरुले खाने विशेष परिकारमा पर्दछ (महतो (अनिता) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) । यस जिल्लामा पावे र चितवनी दुई किसिमका थारुहरु छन् । यिनीहरुको खानामा केही भिन्नता पाईन्छ । पावे थारुहरुले कुखुरा खाँदैनन् भने चितवनी थारुहरुले सुँगुर खाँदैनन् (महतो (विजयकुमार) सँग मिति २०७९।१०।२७ मा लिएको अन्तरवार्ता) ।

## पोशाक तथा गहना

पहिला पहिला थारु जातिमा कपडा सिलाएर लगाउने प्रचलन थिएन । उनीहरु सेतो धोती बेर्ने (लगाउने) गर्दथे । अहिले पनि चितवनका केही थारु महिलाहरुले धोतीलाई मुजा बनाएर बाँध्ने गर्दछन् । जसलाई फुरहुरा भन्दछन् । फुरहुरामा थैली झुण्ड्याउँछन् र कालो रङ्गको ब्लाउज लगाउँदछन् । पाइजामा मर्दानी (धोती), कमिज, भोटो, स्टकोट यहाँका पुरुषहरुको परम्परागत पोशाक हो (महतो (विक्रम) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) । वर्तमान समयमा त यहाँका प्रायः महिला पुरुष सबैले आधुनिक पोशाक नै लगाउने गरेको पाइन्छ ।

थारु महिलाहरु गहना लगाउन अत्यन्तै शौखिन हुन्छन् । अन्य ठाउँका थारु महिलाहरुको जस्तै चितवनका थारु महिलाहरुले घाटीमा हसुली (टडिया), चकति, मुगा, चन्द्रहार लगाउँदछन् । निधारमा मनटिका लगाउँदछन् । कानमा कनफुल, तरिवन, उतराना लगाउँदछन् । नाकमा फोफि (फुलियो), बुलाकी, नथिया लगाउँछन् । नाडिमा चुरो, पाखुरामा तणिया, बाजु लगाउँदछन् । त्यसै गरी खुट्टामा कल्ली (गुडहुल्ला), पाउजु (पैरी), खुट्टाको

औलामा बिच्छी र कमरमा कमरपेटी लगाउँछिन् (महतो (शान्ती र अनिता) सँग मिति २०७९।१०।२८) मा लिएको अन्तरवार्ता) ।

यहाँका थारु महिलाहरुले खुट्टा र छातीमा खोप्ने गर्दछन् । त्यसलाई 'गोदना' भन्दछन् । यो प्रचलन धेरै अगाडि देखिको भए पनि आजभोली हराउँदै गएको छ । गोदना खोप्दा गाजल (कजरा) को प्रयोग हुन्छ । मान्छे मरेर जाँदा पनि आफूसँग लिएर जान सकिने भएकोले गोदना खोप्ने प्रचलन रहेको स्थानीय महिलाहरुको भनाई छ (महतो (शान्ती र अनिता) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) । यस धारणा बाहेक तरुण अवस्थामा खोपिने हुँदा यसले युवतीहरुको शरीर आकर्षण र सुन्दर देखिने भएकोले पनि यो खोप्ने चलन रहेको मान्न सकिन्छ ।

## समाज व्यवस्थापन

थारु जाति अत्यन्तै सरल, मिजासिलो र मिलनसार जाति हुन् । उनीहरु जातिगत समूहमा बस्दछन् । चितवनका थारहरुको आफ्नो समुदायमा केही समस्यामा पऱ्यो भने सबै बसी छलफल गरेर समाधान गर्दछन् । यो प्रचलन धेरै पहिला देखिको हो । पहिला पहिला यहाँका थारु समुदायमा समाज व्यवस्थापनको लागि गाउँकै जिम्दार (जमिन्दार), मुखिया, गुरौहरुले गर्दथे । उसले जे जस्तो चाह्यो उही हुन्थ्यो । थारु कल्याणकारी सभा ( था.क.स.) स्थापना भएपछि यस सभाले नै समाजको व्यवस्थापना गर्दै आएको छ (महतो (विजयकुमार) सँग मिति २०७९।१०।२७ मा लिएको अन्तरवार्ता) ।

## सांस्कृतिक अवस्था

### भाषा

भाषा जातिगत पहिचान हो । वि.सं.२०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा १२४ प्रकारका भाषाहरु बोल्ने गरेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) । थारु भाषा नेपालको नेपाली, मैथिली र भोजपुरी पछि बोलिने चौथो भाषा हो । थारु भाषा भारोपेली भाषा परिवार भित्र पर्दछ । यस भाषाको आफ्नै लिपि छैन । उनीहरुले देवनागरी लिपी अँगाल्दै आएका छन् । नेपालमा थारु भाषा बोलिनेको संख्या १७१४०९१ रहेको छ भने चितवन जिल्लामा थारु भाषा बोलिनेको संख्या ६८४९८ रहेको छ जसमा महिला ३५४६४ र पुरुष ३३०३४ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग-२०७८) ।

### धर्म

नेपालमा बहुसंख्यामा मानिसहरुले हिन्दु धर्म मान्दछन् । २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा १० वटा धर्म मानेको देखिन्छ (केन्द्रीय तथ्याङ्क विभाग २०७८) । नेपालका बहुसंख्यक थारुहरुले हिन्दुधर्म मानेको पाइन्छ । चितवनका अधिकांश थारुहरुले पनि हिन्दु धर्म नै मान्ने गरेका छन् । उनीहरुले पुजापाठ, श्राद्ध जस्ता कार्य ब्राह्मण (पुरेत) द्वारा नै गराउँदछन् (महतो (अनिता) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) ।

### देवीदेवता

थारु जातिले घरभित्र र घरबाहिर गरी दुई प्रकारका देवीदेवता मान्ने गर्दछन् । चितवनका थारुहरुले घरभित्रका कुलदेवता कुवारवर्ति भाई देवी, चाचुल पाचुन, पाञ्चाली, गन देवता (पितृ पुजा), जठिया (पाठ गाडेको) आदिको पुजा गर्दछन् (महतो (विक्रम) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता । त्यसैगरी घर

बाहिरका देवदेवीहरुमा धरमधर्ती, छितामाई, नाकतमाई, विक्रमवाबा, भूई भूइयार, सिधपुर गोसाई आदि हुन् । उनीहरुले पोखरीमा नागदेवताको पनि पुजा गर्दछन् (महतो (बुधनी) सँग मिति २०७९।१०।२९ मा लिएको अन्तरवार्त) ।

## चाडपर्व

सामान्य अर्थमा चाडपर्व भन्नाले धार्मिक तथा कुनै उत्सव विशेष भन्ने बुझिन्छ । यस्ता चाडपर्वहरु केही सामाजिक तथा सांस्कृतिक पक्षसँग सम्बन्धित हुन्छन् त केही धार्मिक पक्षसँग सम्बन्धित हुन्छन् (खत्री र दाहाल, २०५३) । यस्ता चाडपर्वले परम्परागत रुपमा चल्दै आएको धर्म, संस्कार र संस्कृति प्रतिको आस्था र विश्वासलाई यथावत राख्ने काम गर्दछ । यसका साथै सामाजिक सद्भाव बढाउन पनि चाडपर्वले ठूलोभूमिका खेल्दछ । नेपालमा थारु जातिले मनाउने मुख्य मुख्य चाडपर्वहरुमा माघी, फागु, जितिया, दशैं, सोहरिया ( तिहार), रतनवेल, हरौत आदि हुन् ।

## सोहरइया (सोहरिया) पर्व

सोहराई दशैंको सोह्र दिन पछि पर्दछ । त्यसैले थारुहरु यसलाई सोहराई भन्दछन् । यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशी देखि औंशी सम्म ३ दिन मनाउने गर्दछन् । सोहराईमा बासेको कुखुराको भालेको भोग दिएर घर भित्रका कुल देवताको पुजा हुन्छ । घर बाहिरका कुलदेवतालाई भने परेवा चढाएर पुजा गर्ने परम्परा छ (महतो (विक्रम) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) ।

कुल देवताको स्थापना गर्दा भेडाको पाठो (ओडारी) को बलि दिएर गुइठाको आगो बाली खयरको धुलो हालेर धुप दिने परम्परा यहाँको थारु समुदायमा छ । यस पर्वमा चामलको पिठोबाट बनाएको विशेष परिकार 'ढिकुरी' खाने चलन छ (महतो (अनिता) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) ।

## माघे संक्रान्ति

चितवनका थारुहरुले माघे संक्रान्तिमा माघि पर्व मनाउँदछन् । यस पर्वलाई खिचडी संक्रान्ति पनि भन्दछन् । थारुहरुको कृषि पात्रो अनुसार माघ महिनाको पहिलो दिन नयाँ वर्षको रुपमा माघि पर्व मनाएका हुन् (रिजाल, २०७०) । पहिला साहु वा भूमिपतिको घरमा हलिया (जोताहा) बस्ने, अरुको घरमा, आफ्नी छोरीलाई कमलरी राख्ने परम्परा थारु समुदायमा थियो । माघिमा मात्र उनीहरुले आफ्नो जोताहा र कमलरी नयाँ लिने वा उसैलाई नविकरण गर्नु पर्दथ्यो (रिजाल, २०७०) । अहिले यो प्रथा कहिँ कतै अवशेषको रुपमा रहेता पनि कानुनी रुपमा हटिसकेको छ । माघि पर्वमा महिलाहरुले बनाएको विशेष परिकार, 'ढकिया' खाने गर्दछन् । यस पर्वले थारु जातिको धर्म, भाषा र संस्कृतिको संरक्षण र संबर्धनमा महत्वपूर्ण सहयोग पुऱ्याएकोपाइन्छ ।

## फागु पूर्णिमा

चितवनका थारुहरुले फागुपूर्णिमा पनि धुमधामसँग मनाउँदछन् । फागु पूर्णिमाको अघिल्लो दिन तोरीको जटाले बनाएको टौवा (सामत) लाई रक्सी र कुखुराको चल्ला चढाएर पुजा गरेपछि आगो लगाउँदछन् । त्यस कार्यलाई सामतलेख (चिर पोल्ने) भन्दछन् । उपस्थित सबै पुरुषहरु बलिरहेको आगोको वरिपरी घुमेर नाँच्ने गाउने गर्दछन् । त्यसको भोलिपल्ट चिर डढेको खरानीको टिका लगाएपछि होली खेल्न सुरु हुन्छ (महतो (

विजय कुमार) सँग मिति २०७९।१०।२७ मा लिएको अन्तरवार्ता) । होलीमा गाउँका सबै जना मिलेर पालैपालो सबैको घर गई रङ्ग अबिर खेलेर मिठा मिठा खानेकुरा खाने र खुवाउने प्रचलन यहाँका थारु समाजमा छ । यसबाट आपसी भाइचारा र सद्भाव बढाउन मद्दत गरेको हुन्छ ।

## जितिया (जिउतिया) पर्व

जितिया पर्वमा थारुहरुले पितृपुजा गर्दछन् । जिउँदो छँदा जसलाई जे चिज खान मन पर्दथ्यो त्यही चिज चढाएर पितृलाई तर्पण दिन्छन् । जस्तै दहि, चिउरा, माछा, तरुवा (थोरै तेल राखेर तार्दै पकाएको परिकार) ( चौधरी (राधा), सँग मिति २०७९।१०।०७ मा लिएको अन्तरवार्ता) । यस पुजामा विवाहित महिलाले पानी पनि नपिइकन आफ्ना सन्तान र श्रीमान्को सुस्वास्थ्य दिर्घायु र प्रगतिको लागि ब्रत बस्दछन् । कुनै ठूलो दुर्घटनाबाट छोरा छोरी सुरक्षित भए भने तिम्री आमाले जितिया पर्वमा व्रत बसेका हुनाले तिमीहरु सकुशल भयौ भन्ने चलन थारु समुदायमा छ (महतो (विक्रम) सँग २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) ।यसबाट स्पष्ट हुन्छ थारु समुदायमा यस पर्वको ठूलो महत्व र विश्वास छ ।

चितवनका थारुहरुले चैते दशैं, दशैं, हरौत (श्रीपञ्चमी) आदि पर्वहरु पनि मनाउँदछन् । त्यसै गरी उनीहरुले यमोसा पितृ औंसी (घटनास्थापनाको दिन) मा पितृको पुजा गर्दछन् (महतो (विक्रम), अन्तर्वार्ता २०७९।१०।२८) । कुल देवताको पुजा आ-आफ्नै खलकका गुरौले गर्दछ भने रुद्री, सत्यनारायणको पुजा गर्दा हिन्दु ब्राह्मणद्वारा गराउने कुरा यहाँका स्थानीय बासिन्दाहरुको भनाइ छ (महतो (अनिता) सँग मिति २०७९।१०।२८ मा लिएको अन्तरवार्ता) । यहाँका थारुहरुमा हिन्दु धर्म मान्ने अन्य जातिको प्रभावले गर्दा हिन्दु संस्कार संस्कृतिहरु अपनाउने क्रम बढ्दै गएको पाइन्छ ।

## निष्कर्ष

थारु जाति नेपालको तराई भूभागमा सदियौंदेखि बसोबास गर्दै आएका हुनाले उनीहरु आफूलाई यहाँका भूमिपुत्र हो भन्दछन् । त्यसो त तराइको घना जंगल बिच बस्ती बसाएर त्यहाँका हिंस्रक जनावरहरुसँग लड्दै, भिड्दै, अनेकौं रोगहरुसँग पौठेजोरी खेल्दै आफ्नो अस्तित्व र पहिचान जोगाउँदै आएका थारु जाति तराईको मूलवासी हुन भन्ने कुरामा शंका नै छैन । लामो समय औलो प्रभावित क्षेत्रमा बसोबास गरेका यस जातिको रगतमा 'अन्थालसिमिया' जीन उत्पन्न भएको अनुसन्धानबाट देखिएको छ । यसले औलो रोगसँग लड्ने प्रतिरोधात्मक क्षमताको वृद्धि गराउँदछ । नेपालमा औलो रोगसँग लड्ने क्षमता भएको थारु जाति मात्र हुन् । नेपालका थारु जातिहरुले हिन्दु र बौद्ध दुवै धर्म मान्दछन् । यस जातिमा हिन्दु धर्ममा जस्तो उच्च निम्न सामाजिक मान्यता भएको समाज (Hierarchical) छैन । उनीहरु हिन्दु धर्मावलम्बीले लगाउने जस्तो रातो टिका नलगाई सेतो टिका लगाउँदछन् । यी आधारहरुबाट थारु जाति बौद्ध धर्मावलम्बी हुनु भन्ने देखाउँदछ ।चितवन जिल्लाका अधिकांश थारुहरुले हिन्दुधर्म नै मान्दछन् । उनीहरु ब्राह्मण राखेर नै हिन्दु धर्मका संस्कारहरु गर्दछन् । रुद्री, सत्यनारायणको पुजा लगाउँदछन् । यो भनेको हिन्दु धर्म मान्य जनसमुदायसँगको सामिप्यताले गर्दा उनीहरुको प्रभाव थारु जातिमा परेको हो । धेरै जातजातिको बसोबास रहेको चितवनको थारु जाति आधुनिकताबाट प्रभावित छन् । त्यसको प्रभाव उनीहरुको भाषा, धर्म, खानपान, पहिरन, रहनरहन र चाडवाडमा परेको छ । थारु कल्याणकारी सभाले पनि थारुहरु बौद्ध धर्म मान्ने जाति हुन् भनेको छ तर सबै थारुहरुले बुद्ध धर्म मानेको पाइँदैन ।यहाँका थारु बुद्धिजीवी र सचेतकहरु आफ्नो संस्कार र संस्कृतिको संरक्षण र संवर्द्धन हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छन् ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, बाबुराम (२०१०). *थारु जातिको मूल घर कहाँ ?* नेपाल सांस्कृतिक परिषद ।

आदिवासी जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन २०५९ ।

के. सी., टङ्क (२०७९). *आदिवासी जनजाति एक अवलोकन.* अम्बीर सापकोटा ।

कँडेल, देवीप्रसाद (२०६५). *चितवनको इतिहास* (प्रथम भाग). लक्ष्मी कँडेल ।

खत्री, प्रेमकुमार, दाहाल, पेशल (२०५३). *आधुनिक नेपालको सामाजिक इतिहास.* साझा प्रकाशन ।

चौधरी, विष्णु प्रसाद (२०७९). विगतमा कमैया प्रथा र वर्तमान अवस्था. *स्मारिका.* थारु आयोग नेपाल. पृ. १-६ ।

नेपाल, खेमराज (२०७९). *मिश्रित जातजाती हामी नेपाली. नेपाली समाजको बनोट आरम्भदेखि मध्यकालसम्म.* मकालु प्रकाशन ।

नेपाल सरकार, राष्ट्रिय जनगणना (२०७८). केन्द्रीय तथ्याङ्क विभाग ।

पोखरेल, रमेशकुमार (२०७९). *इटहरीका थारु जातिको विवाह संस्कार: परम्परा र परिवर्तन.* मानविकी तथा सामाजिक शास्त्र संकाय इतिहास केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्रर तहको अप्रकाशित शोधपत्र ।

बराल, ईश्वर (२००४). *थारु जाति र तिनको संस्कृति.* नेपाल सांस्कृतिक परिषद् ।

महतो, भजुमनराम (२०७९). *थारु समाजका अग्रज पुस्ताहरु.* कुन्ती कुमारी चौधरी (महतो) र उषाकुमारी चौधरी महतो ।

रिजाल, बसन्त प्रसाद (२०७०). *कैलालीका आदिवासी थारुहरु, परम्परा र आधुनिकताको दोसाँधमा.* श्रीमती रञ्जु भट्टराई रिजाल ।

विष्ट, डोरबहादुर (२०७१). *सबै जातको फूलबारी* (नवौं संस्करण). साझा प्रकाशन ।

शर्मा, जनकलाल (२०११). राप्ती उपत्यका एक अध्ययन. *नेपाल सांस्कृतिक परिषद पत्रिका.* पृ. ४१ ।

श्री ५ को सरकार तथा न्याय मन्त्रालय (२०२२). *सुरेन्द्र विक्रम शाहको शासनकालमा बनेको मुलुकी ऐन,* कानुन किताब व्यवस्था समिति ।